## प्रश्न नं. ८६

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

## (कक्षा रोल्नं.१०३७० देखि १०४९१ सम्मका विद्यार्थीहरुका लागी मात्र)

कुमारी लिम्बूको जाहेरीले नेपाल सरकार

बिरुद्ध

सुनसरी जिल्ला धरान नगरपालिका वडा नं. ३ बस्ने दिवस लिम्बु

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- मिति २०७५।८।५ गते दिउसो ३ बजे सुनाम संस्कृति परिवारले आयोजना गरेको देउसी कार्यक्रममा भाग लिई उद्घोषकको भूमिका निर्वाह गरिरहेको मेरो छोरा विष्णु लिम्बूलाई पूर्व रिसइवीको कारण जसमान लिम्बूले धारिलो हतियार तरवार र खुकुरी समेत प्रहार गरी कर्तव्य गरी मारेको हुँदा कानूनबमोजिम गरिपाऊँ भन्ने समेत व्यहोराको मृतककी आमा कुमारी लिम्बूको जाहेरी दरखास्त ।
- अनुहारमा रगत लागेको, टाउको तथा ढाड, कोखालगायतका शरीरका विभिन्न भाग तथा अङ्गमा धारिलो हतियारले काटी हड्डी समेत काटिन गएको र टाउकोमा गिदी समेत निस्केको भन्ने ११ वटा भन्दा बढी चोट भएको भन्ने समेत व्यहोराको मृतक विष्णु लिम्बूको लास प्रकृति मुचुल्का ।
- विष्णु लिम्बूलाई टाउको, घाँटी, ढाडलगायतको शरीरको विभिन्न भागमा धारिलो हतियारले गहिरो चोट हुने गरी प्रहार गरेको कारणबाट (Hemorrhagic shock and injury to vital organs -Lung & Brain_, as a result multiple injuries caused by Sharp weapons) मृत्यु भएको भन्ने समेतको व्यहोराको पोष्ट मार्टम रिपोट
- मिति २०७४।७।१३ गते चित्र लिम्बू समेतले पुर्णवहादुरलाई काटी घाइते पारी घरमा ल्याएको हुनाले पूर्णबहादुरले मलाई साथ दिनुपर्छ मलाई काट्नेहरूलाई तिमीहरू गएर ज्यान मारेर आउनु भनी हतियार समेत दिई आदेश दिएको र मृतकसँग हाम्रो पहिलादेखि नै रिसइवी भएको हुँदा हामी मौका खोजी रहेको बेला घटनास्थलमा विष्णुलाई फेला पारी जसमान लिम्बूले हात समाई केही साइडमा निकाली जसमान राईले पछाडिबाट टाउकोमा प्रहार गर्दा भूईंमा ढलेकोले म दिवस राई पनि साथमा गएको तर मेरो विष्णु राईको हत्यामा मेरो कुनै सलंगता छैन प्रहरीले मलाई समाई किन ल्यायको हो थाहा भएन भन्ने व्यहोराको प्रतिवादी दिवस राईले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान

## प्रश्न नं. ८६

- सुनसरी जिल्ला धरान नगरपालिका वडा नं. ३ स्थित शकुन्तला राईको छोरा राजकुमार राईको कोठामा बसेका जसमान लिम्बू लाई पक्राउ गरी विभिन्न नाप आकारका खुकुरी थान दुई र तरवार थान चार समेत बरामद भएको भन्ने समेत व्यहोराको बरामदी मुचुल्का ।
- विष्णु लिम्बुलाई पुर्णवहादुरले हामीलाई कुटने केटालाई मार्नु भन्ने आदेश दिएको हुनाले अरु केटलाई भेट भएन विष्णु लिम्बुलाई मात्र देखेको हुनाले विष्णुलाई म जसमान राई र दिवस राईले छुरी हानेको हो , मर्ला जस्तो लागेको थिएन तर मरेछ भन्ने जसमान लिम्बुको अनुसन्धान अधिकारि संग गरेको वयान
- गौतम श्रेष्ठले, कुमारी लिम्बू, नैना राइ, असमिता रुपाखेतिले जसमान राईले छुरी हान्दा सरि है पुर्णवहादुर दाईले आदेश गरेको हुनाले तिमिलाई मार्न आएका छौ , दुई पटक छुरी हान्छौ वाच्यौ भने भेटौला भनि प्रहार गरेका थिए भन्ने वस्तुसिथिति मुचुल्का ।
- किटानी जाहेरी, प्रतिवादीहरूजसमान लिम्बू र दिवस लिम्बुको वयान, मौकामा कागज गर्ने गौतम श्रेष्ठले,गौतम श्रेष्ठ, कुमारी लिम्बू, नैना राइ , पोष्टमार्टम रिपोर्टका आधारमा लाई जसमान लिम्बू र दिवस लिम्बु र पुर्णवहादुर राईलाई मुलुकी फौजदारी संहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरममा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाउँभन्ने अभियोग पत्र ।
- प्रतिवादीहरुको अदालतमा ईन्कारी बयान
- सुनसरी जिल्ला अदालतबाट भएको फैसला
- उच्च अदालत विराटनगरमा प्रस्तुत गरेको पुनरावेदनपत्र